बैंकिङ्ग कार्यालय
क्लियरिङ्ग हाउस डिभिजन
(इसीसी युनिट)
थापाथली, काठमाडौं ।
फोन नं: ४२४८९००-९०४, एक्स. २२१
फ्याक्स नं. ४२२७३७८, ४२४८७९३
Email: clearing@nrb.org.np
Web: www.nrb.org.np

# नेपाल राष्ट्र बैंक

प.सं. सि.एच./इसीसी/११०/०६७/६८ मिति: २०६८/३/३

**श्री इजाजतप्राप्त सबै वाणिज्य बैंकहरू/विकास बैंकहरू/वित्त कम्पनीहरू**

विषय: नेटवर्किङ्ग पूर्वाधारहरूको जानकारी पठाउने बारे ।

महाशय,
इलेक्ट्रोनिक चेक क्लियरिङ्ग (इसीसी) का लागि नेपाल क्लियरिङ्ग हाउस लिमिटेडबाट निकट भविष्यमा नै इसीसी सञ्चालन हुने र सो को लागि इसीसी सदस्यताका लागि आवश्यक पर्ने नेटवर्किङ्ग पूर्वाधारहरू तयार गरी यस बैंकलाई तथा नेपाल क्लियरिङ्ग हाउसलाई जानकारी दिने भन्ने व्यहोराको यस कार्यालयको प.सं. सिएच/इसीसी/९५/०६७/६८ को पत्र प्राप्त भइकन पनि केही बैंक तथा वित्तीय सँस्थाले सो को जानकारी नगराएको सम्बन्धमा लेखिँदैछ ।

प्रस्तुत विषयमा नेपाल क्लियरिङ्ग हाउस लिमिटेडको प.सं. एनसिएचएल २०११०६/०३५ मिति २०६८/२/२५ मा यस बैंकलाई अनुरोध भई आएकोले इसीसीमा सदस्य बन्न चाहने बैंक तथा वित्तीय सँस्थाले उक्त पत्रसाथ संलग्न पूर्वाधारका लागि आवश्यक दस्तावेजमा लेखिए अनुसारका नेटवर्किङ्ग पूर्वाधारहरू छन् वा छैनन् वा विकसित हुँदै गरेको के कस्तो अवस्था छ, सो को जानकारी यस बैंकलाई अनिवार्य रूपमा ७ (सात) दिनभित्र पठाइदिनहुन अनुरोध गर्दछु । साथै, इसीसी सदस्यताका लागि चाहिने आवश्यक पूर्वाधारहरू (Network Connectivity, Hardware & Vendors) को दस्तावेजको पूर्ण विवरण यस बैंकको वेबसाइट www.nrb.org.np को होमपेजमा रहेको NOTICES मा समेत उपलब्ध रहेको व्यहोरा अनुरोध गर्दछु ।

भवदीय,

(सिद्धिकृष्ण जोशी)
कार्यकारी निर्देशक

बोधार्थ
१. बैंक तथा वित्तीय सँस्था नियमन विभाग ।
२. बैंक सुपरिवेक्षण विभाग ।
३. वित्तीय सँस्था सुपरिवेक्षण विभाग ।
४. नेपाल बैंकर्स सँघ, हेरिटेज प्लाजा, कमलादी ।
५. डेभलपमेन्ट बैंकर्स एशोसिएशन, अनामनगर ।
६. नेपाल वित्तीय सँस्था सँघ, कमलाक्षी, जमल ।
७. नेपाल क्लियरिङ्ग हाउस लिमिटेड, कमलादी ।